ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 3 Issue: 2 Year: 2024
***********************************

# रसाभिव्यक्तिका कसीमा प्रत्यक्ष दोहोरी गीतको अध्ययन

डम्बरबहादुर पुन[1] सीता खड्का[2]

## Analysis of Direct Duet Songs Based on the Criterion of Aesthetic Expression

Dambar Bahadur Pun[1] Sita Khadka[2]
[1]Corresponding Author: Dambar Bahadur Pun, Assistant Professor, Nepali, *TU Monitoring Directorate*, Email: dambarpun06@gmail.com
[2]Co-author: Sita Khadka, Headmaster, Sagarmath E. M. High School, Nepalgunj,
Email: sitakhadka07@gmail.com
Article History: Received: March. 23, 2024 Revised: May. 5, 2024 Received: Jun 21, 2024

**लेखसार**

प्रतिष्पर्धात्मक एवम् प्रश्नोत्तरात्मक शैलीमा गाइने लोकगीतलाई प्रत्यक्ष दोहोरी लोकगीत भनिन्छ । यसप्रकारको प्रत्यक्ष दोहोरी गीत मेलापर्व, चाडवाड, पूजाआजा, जात्रा, महोत्सवका साथै हाल आएर विभिन्न टेलिभिजन तथा युट्युब च्यानलहरूबाट प्रशारण भएको पाइन्छ । कुनै पूर्व तयारी उपस्थित स्थलमा नै उठाइएको प्रश्नको जवाफ दिनुपर्ने भएकाले यसप्रकारका लोकगीतलाई प्रत्यक्ष दोहोरी लोकगीत भनिन्छ । प्रत्यक्ष दाहोरी गीतमा रसको खोजी गर्ने काम यस अध्ययनमा गरिएको छ । यसका लागि नमुना छनोट विधिका माध्यमबाट इनेपाल खबर, इन्द्रेणी डट कम, इन्द्र जि.सी., बालचन्द्र बराल र टीका सानु अफिसियल युट्युब च्यानलबाट प्रशारित प्रत्यक्ष दोहोरी गीतहरूमध्ये रसका दृष्टिले सशक्त १२ ओटा प्रत्यक्ष दोहोरी गीतको छनोट गरिएको छ । उल्लिखित युट्युब च्यानलबाट सङ्कलित १२ ओटा प्रत्यक्ष दोहोरी गीतहरूको निगमनात्मक विधिका माध्यमबाट विश्लेषण गरिएको छ । यी गीतहरूमा शृङ्गार, हास्य, करुण र रौद्ररसको सशक्त प्रयोग भएको पाइन्छ । शृङ्गाररस भएका दोहोरी गीतमा भर्खर प्रेमप्रणयमा बाँधिएका युवायुवती, विवाह नजिक पुगेका प्रेमीप्रेमिका र पूर्व प्रेमीप्रेमिकाको मायामा डुबेका विवाहित युवायुवतीका रतिरागात्मक विषयवस्तु प्रस्तुत भएका देखिन्छन् । यसै गरी हास्यरस भएका दोहोरी गीतमा असहयोगी साथीहरू, जँड्याहा व्यक्तिको स्वभाव र घरबेटी र भाडावालाबीचका हास्य भावयुक्त विषयवस्तु समावेश भएका पाइन्छन् । यसरी नै करुणरस भएका दोहोरी गीतमा भेट हुन असम्भव भएका प्रेमीप्रेमिकाको विलाप, विदेशीयकी आमा र घरमा बसेका बालक छोराको रोदन र जातीय विभेदले आक्रान्त समाजका कारुणिक विषयवस्तुहरू व्यक्त भएका पाइन्छन् । यसै गरेर रौद्र रसयुक्त दोहोरी गीतमा स्वतन्त्र प्रेमलाई अस्वीकार गर्ने परिवार, दुच्छर स्वभावका युवायुवती र एकअर्काका कमीकमजोरी खोज्ने युवायुवतीका क्रोधयुक्त विषयवस्तुहरू प्रस्तुत भएका भेटिन्छन् । यसप्रकारको अध्ययनबाट लोकगीतमा पनि रस प्राप्त गर्न सकिने कुरा प्रमाणित भएको छ । यसबाट लोकगीतमा रसको अध्ययन गर्न चाहाने अध्येताका लागि यस अनुसन्धानमूलक लेख उपयोगी हुने देखिन्छ ।

**शब्दकुञ्जी :** रस, आलम्बन विभाव, उद्दीपन विभाव, अनुभाव, व्यभिचारी भाव

**Abstract**

Folk songs sung in a competitive and question-answer format are known as direct duet folk songs. Such direct duet songs are found in fairs, festivals, worship ceremonies, celebrations, and more recently, broadcasted through various television and YouTube channels. Because these songs require answering questions spontaneously at the performance venue without prior preparation, they are termed direct duet folk songs. This study seeks to explore the rasa (aesthetic essence) in direct duet songs. For this purpose, through sample selection methods, twelve powerful direct duet songs in terms of rasa were selected from YouTube channels like eNepal

Khabar, Indreni Dot Com, Indra GC, Balchandra Baral, and Tika Sanu Official. These twelve songs were analyzed using an inductive method. In these songs, the prominent rasas identified are Shringara (erotic), Hasya (humor), Karuna (pathos), and Raudra (anger). The duet songs with Shringara rasa typically present themes of romantic and erotic love between young couples newly in love, lovers about to marry, and married individuals immersed in memories of past lovers. Similarly, Hasya rasa songs incorporate humorous themes involving uncooperative friends, the behavior of drunkards, and comical interactions between landlords and tenants. In the case of Karuna rasa, the duet songs depict themes of lamentation between lovers who cannot meet, the cries of children left behind by migrant mothers, and the sorrowful subjects of a society affected by caste discrimination. Likewise, Raudra rasa songs portray themes of anger related to families rejecting free love, the behavior of unruly youth, and the faults and shortcomings of young men and women exposed by each other. This study proves that rasa can also be found in folk songs. It is seen that this research-based article will be useful for those interested in studying rasa in folk songs.

***Keywords:*** Aesthetic essence or emotional flavor, Supportive determinant, Exciting determinant, Consequential expression, Transitory emotional states

## विषय परिचय

बालकदेखि वृद्धसम्मका व्यक्तिहरू एक आपसमा प्रश्नोत्तर शैलीमा गाउने गीतलाई दोहोरी गीत भनिन्छ । यो गीत विभिन्न प्रकारका मेलापर्व, चाडवाड, पूजाआजा, जात्रा, महोत्सवको समयमा धेरै व्यक्तिहरूको बिचमा एकै साथ बसी गाउने गरेको पाइन्छ । दोहरी गीत प्रतिष्पर्धात्मक रूपमा प्रश्नोत्तरात्मक शैली वा संवादात्मक शैलीमा गाइन्छ । सुरु सुरुमा दोहोरी गीत मेलापर्व, चाडवाड, पूजाआजा, जात्रामा मात्र गाउने गरिन्थ्यो भने हाल आएर विभिन्न मेला, महोत्सव, टेलिभिजन र युट्युब च्यानलहरूमा पनि गाउने गरेको देखिन्छ । विशेष गरेर कोभिडको महामारीपछि प्रत्यक्ष दोहोरीका नामले टेलिभिजन र युट्युब च्यानलहरूमा सशक्त रूपमा प्रत्यक्ष दोहोरी गीतका नामले यो गीतले व्यापकता पाएको पाइन्छ । यी गीतहरू तरुण तरुणी मात्र नभएर अन्य उमेरका पुरूष र महिलाका बिचमा पनि युगल वा सामूहिक रूपमा गाएको भेटिन्छ । यस प्रकारका गीतमा मायाप्रीति, पीडा, आक्रोश एवम् सामाजिक जनजीवनका विविध भावनाहरू भएका विषयवस्तुहरू पाइन्छन् । यी गीतहरू प्रसङ्गअनुसार छोटो अवधीदेखि लामो समयसम्म पनि गाउने गरेको पाइन्छ । हिजोका दिनहरूमा दोहोरी गीत हारजित नभएको अवस्थामा त सुत्दै नसुती, खानै नखाई सात दिन, सात रात पनि गाउने गरिन्थ्यो भन्ने भनाइ कपुकोट ५ रिम सल्यान निवासी टीकाराम खड्काको रहेको छ । अभ्यास बिना तत्कालै प्रश्नको जवाफ दिनुपर्ने भएकोले दोहोरी गायकहरूको तीक्ष्ण विवेक यी गीतहरूमा प्रस्तुत भएको पाइन्छ । नेपाली जनजीवनद्वारा अत्याधिक रुचाइएको प्रत्यक्ष दोहोरी गीतका बारेमा हालसम्म कहिँकतै अध्ययन विश्लेषण गरेको देखिँदैन । कुनै पूर्व योजना विना तत्काल प्रश्नको जवाफ प्रस्तुत गरिएका दोहोरी गीतको मात्र व्यवस्थित तरिकाले अध्ययन गर्ने हो भने नेपाली साहित्यका क्षेत्रमा यस उपविधाले पनि महत्त्वपूर्ण स्थान लिन सक्ने देखिन्छ । यस गीतको विधागत अध्ययनका साथै विभिन्न साहित्य सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गर्न अझै बाँकी नै देखिन्छ । व्यवस्थित तरिकाले अध्ययन हुन नसकेको प्रत्यक्ष दोहोरी गीतको रस सिद्धान्तका आधारमा विश्लेषण गर्नु नै यस लेखको मुख्य उद्देश्य हो । यसका लागि हाल युट्युब च्यानलमा प्रशारण गरिएका प्रत्यक्ष दोहोरी गीतहरूमध्ये हालसम्म प्रशारण भएका इनेपाल खबर अफिसियल युट्युब च्यानलका ६५१, इन्द्रेणी डट कम अफिसियल यसट्युब च्यानलका ४.८ के., इन्द्र जि.सी. अफिसियल यसट्युब च्यानलका २८६, बालचन्द्र बराल अफिसियल यसट्युब च्यानलका ३१८ र टीका सानु अफिसियल यसट्युब च्यानलबाट प्रशारित ६७४ प्रत्यक्ष दोहोरी गीतहरूमध्ये रसका दृष्टिले सशक्त १२ ओटा प्रत्यक्ष दोहोरी गीतको मात्र अध्ययन गरिन्छ । लेखको संरचनागत सीमाका कारण शृङ्गार, हास्य, करुण र रौद्र रस भएका प्रतिनिधिमूलक १२ ओटा गीतको मात्र विश्लेषण यस लेखमा गरिन्छ । यस अध्ययनबाट प्रत्यक्ष लोकगीतहरू पनि रसका हिसावले सशक्त रहेको तथ्याङ्क प्राप्त गरिएको छ । प्रस्तुत अनुसन्धानमूलक लेख लोकगीतमा रसको अध्ययन गर्न चाहाने अध्येताहरूका लागि उपयोगी हुने देखिन्छ ।

## सैद्धान्तिक पर्याधार

यस अनुसन्धानमूलक लेखको सैद्धान्तिक पर्याधारको रूपमा रस सिद्धान्त रहेको छ । पूर्वीय साहित्यशास्त्रका क्षेत्रमा देखापरेको पहिलो साहित्यिक सिद्धान्त रस सिद्धान्त हो । यस सिद्धान्तका संस्थापक आचार्य भरत हुन् । उनले आफ्नो *नाट्यशास्त्रम्* ग्रन्थमा विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्ति अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस उत्पत्ति हुन्छ (अधिकारी, २०६७, पृ.२९ ) भन्ने मान्यता राखेको पाइन्छ । उनको रससूत्रानुसार रस निष्पत्तिको मुख्य तीन अवयवका रूपमा कारणरूप विभाव, कार्यरूप अनुभाव र सहकारीरूप व्यभिचारी भाव रहेका हुन्छन् । यी रस सामग्रीको सहायताबाट मानव हृदयमा रहेका रति, हासो, शोक, क्रोध, उत्साह, भय, घीन र विस्मय भावको जागृत गरी शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स र अद्भुत रसको उत्पत्ति हुने मान्यता भरतको रहेको छ । रसका प्रकारका सम्बन्धमा आचार्यहरूका विभिन्न मतहरू रहेको पाइन्छ । आचार्य भरतले आठओटा रसको चर्चा गरेका छन् भने उद्भटले काव्यालङ्कार *सारसङ्ग्रह*मा शान्त रससहित नौ रस, रुद्रटले *काव्यालङ्कार*मा बात्सल्य रससहित १० रस र विश्वनाथले *साहित्यदर्पण*मा भक्ति रससहित ११ रसको चर्चा गारेका छन् । यसका साथै अभिनवगुप्तले *अभिनवभारती*मा स्नेह रसको समेत चर्चा गरेको पाइन्छ (भण्डारी, २०७७, पृ. ५५) । प्रारम्भदेखि आजसम्मका आचार्यहरूले १२ ओटा रसको चर्चा गरेको भए तापनि बात्सल्य रस र स्नेह रसलाई शृङ्गार रसमा र भक्ति रसलाई शान्तमा रसमा अन्तर्भाव गरी बाँकी नौओटा रसलाई मात्र पूर्वीय आचार्यहरूले मान्यता दिएर चर्चा गरेको देखिन्छ ।

भरतले *नाट्यशास्त्रम्* (इ. १९८४) मा रससूत्रको व्याख्या गर्दै विभावलाई आलम्बन विभाव र उद्दीपन विभाव गरी दुई भागमा राखेर चर्चा गरेको पाइन्छ । आलम्बन विभाव भनेको स्थायी भाव जागृत गराउने वस्तु वा व्यक्ति हो भने आलम्बन विभावबाट जागृत भएको भावलाई उत्तेजित वा उद्दीप्त गराउने वस्तु वा व्यक्तिलाई उद्दीपन विभाव भनिन्छ । शृङ्गार रसका लागि आलम्बन विभाव नायक नायिका हुन् भने एकान्तस्थल, बगैचा, चाँदनी रात, मन्द तालको कर्णप्रिय सङ्गीत, भ्रमर, कोइलीको बोली आदि उद्दीपन विभाव हुन् । अनुभाव भनेको विभावपछि मूल पात्रमा देखापर्ने शारीरिक वा मानसिक परिवर्तन हो । प्रेमीप्रेमिकाहरू बगैचाको एकान्त स्थलमा गएपछि उनीहरूको शारीरिक अवस्थामा देखापर्ने परिवर्तन मुस्कान, चपलता, कर्केनजर, लज्जा, कटाक्ष, चुम्बन, आकर्षण, पसिना आदि शृङ्गार रसका अनुभाव हुन् । यसरी विभाव र अनुभावको प्रस्तुतिले भावकका हृदयमा अनेकप्रकार अस्थायी प्रकृतिका भावहरू उत्पन्न हुने गर्दछन् । विभाव र अनुभावको घटनाक्रमले एकपछि अर्को गरेर भावकका मनमा उत्पन्न हुने मोह, चिन्ता, उत्सुकता, हर्ष आदि व्यभिचारी भाव हुन् । भावकका मनमा यसप्रकारका अनेकौं अस्थिर भावहरू उत्पन्न भइरहेको अवस्थामा घटनाक्रमले ठोस आकार लिएर समापन भएपछि भावकमा एउटा निश्चित प्रकृतिको स्थायी भाव उत्पन्न गर्दछ । यसलाई स्थायी भाव पनि भन्ने गरिन्छ । यसरी काव्यमा विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ । लोकगीत पनि काव्यको एउटा अङ्ग भएकाले यसमा पनि रसको निष्पत्ति हुनु स्वाभाविकै हो । प्रत्यक्ष दोहोरी गीत लोकगीतको एउटा अंश भएकाले यस लेखमा उल्लिखित चार प्रकारका रसले सम्पन्न प्रत्यक्ष दोहोरी गीतमा विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावको अध्ययन गर्ने काम गरिन्छ ।

## अनुसन्धान विधि

प्रस्तुत अनुसन्धानात्मक लेख ऐतिहासिक विकासक्रम नदेखाउने एकरेखीय पद्धति अँगालिएको वर्णनात्मक अध्ययनमा आधारित छ । यो गुणात्मक प्रकृतिको अनुसन्धानमूलक लेख हो । प्रस्तुत लेख प्रत्यक्ष दोहोरी लोकगीतमा रसको खोजी गरिएको प्रयोगात्मक अध्ययन भएकाले यस अध्ययनका लागि सामग्री सङ्कलन गर्न क्षेत्रकार्य र पुस्तकालय कार्य गरिएको छ । प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने प्रत्यक्ष दोहोरी लोकगीतहरू सङ्कलन गर्न नमुना छनोट विधिका माध्यमबाट प्रत्यक्ष दोहोरी गीत प्रशारण गर्ने विभिन्न युट्युब च्यानलहरूमध्ये इ-नेपाल खबर, इन्द्रेणी डट कम, इन्द्र जि.सी., बालचन्द्र बराल र टीका सानु अफिसियल युट्युब च्यानलहरू र ती च्यानलबाट प्रशारित रसका दृष्टिले सशक्त प्रत्यक्ष दोहोरी गीतहरू मात्र छनोट गरिएको छ । यी दोहोरी गीतहरूमा नौ प्रकारका रसहरू पाइने भए तापनि लेखको संरचनागत सीमाका कारण शृङ्गार, हास्य, करुण र रौद्र रसयुक्त दोहोरी गीत मात्र यहाँ छनोट गरिएको छ । रसका आधारमा यी दोहोरी गीतको विश्लेषण गर्न सुरुमा रस सिद्धान्तको चर्चा गरिएको छ । त्यसपछि लोकगीतको उदाहरणसहित विश्लेषण गरेर रसको उपस्थिति रहेको निष्कर्ष निकालिएकाले यस अध्ययनमा

निगमनात्मक विधिको प्रयोग भएको प्रस्ट हुन्छ । प्रस्तुत अनुसन्धानात्मक लेखको सैद्धान्तिक धरातल रसवाद भएकाले यहाँ रसवादको अध्ययनका लागि पुस्तकालय कार्य पनि गरिएको छ ।

## परिणाम र छलफल

नेपालमा प्रत्यक्ष दोहोरी गीत प्रशारण गर्ने युट्युब च्यानलमा प्रशारित गीतहरूमा शृङ्गार, हास्य, करुण र रौद्र रसहरू पहिचान गरेर रस भएको निष्कर्ष निकाल्नु यस अध्ययनको परिणाम हो । यी गीतमा नौ प्रकारका रसहरू पाइए तापनि अनुसन्धानमूलक लेख संरचनागत सीमाका कारण यहाँ चार प्रकारका रसको मात्र अध्ययन गरिएको छ । यी रसात्मक दोहोरी गीतको अध्ययनका लागि निम्नानुसार छलफल गरिन्छ-

### प्रत्यक्ष दोहोरी गीतमा रसगत विवेचना

*रसाभिव्यक्तिका कसीमा प्रत्यक्ष दोहोरी गीतको अध्ययन* लेखको अध्ययन क्षेत्र टेलिभिजन तथा युट्युब च्यानलहरूमा प्रस्तुत गरिएका दोहोरी गीतहरू हो भने यी गीतमा रसको अध्ययन हुन नसक्नु यसको अध्ययन समस्या हो । यही अध्ययन समस्यालाई मुख्य केन्द्रमा राखेर रसात्मकता बढी झल्कने आधारमा सार्थकता पुष्ट्याइँ हुने गरी दोहोरी गीतहरूको विश्लेषण यस लेखमा गरिन्छ । स्रोताले लोकगीतको श्रवणका क्रममा जुन कुराको आस्वादनात्मक प्रभाव अनुभूत गर्दछ, त्यसलाई रस भनिन्छ । लोकगीत गायनमा सहज रूपमा अन्तर्निहित रहेर रस प्रवाहित भएको हुन्छ । मानव हृदयका अनेकथरी अनुभूति एवम् संवेदनशील मन मस्तिष्कबाट उत्पन्न रस कुनै पनि तरल भावलाई जगाउँछ र अवस्था विशेषका रूपमा आस्वादनीय हुन्छ । मानव हृदयका विभिन्न हर्ष-उल्लास, सुख-दुःख, विरह-वेदना, खुसी-छटपटीजस्ता भाव उद्वेलित भएर जब लोकगीतका रूपमा प्रस्फुटित हुन्छन् र एक हृदयबाट अर्को हृदयमा सञ्चारित हुन्छन् अनि त्यसमा रसको उत्पत्ति हुन्छ । रसले गीतलाई रोचक र हृदयस्पर्शी एवम् मर्मस्पर्शी बनाएको हुन्छ । मानव जीवनका विभिन्न भोगाइ र भावनाले ओतप्रोत लोकगीतहरूमा स्वतःस्फूर्त ढङ्गले रस निःसृत भएका हुन्छन् । स्रोताले लोकगीतको श्रवणका क्रममा जुन कुराको आस्वादनात्मक प्रभाव अनुभूत गर्दछ, त्यसलाई रस भनिन्छ । यसप्रकारका रसले ओतप्रोत भएका प्रत्यक्ष दोहोरी गीतहरू पर्याप्त मात्रामा पाइन्छन् । यिनै प्रत्यक्ष दोहोरी गीतमा रसात्मकताको अध्ययन गर्ने काम यस लेखमा गरिन्छ । यसका लागि शृङ्गार, हास्य, करुण र रौद्ररसको लक्षण र ती रससँग सम्बन्धित प्रतिनिधिमूलक प्रत्यक्ष दोहोरी गीतको निम्नानुसार विश्लेषण गरिन्छ-

### शृङ्गाररस

नायक नायिकाका बिचमा परस्पर अनुराग व्यक्त गरेर अत्याधिक प्रेममय भाव प्रकट गरिएको साहित्यिक रसलाई शृङ्गाररस भनिन्छ । शृङ्गाररसको विषयवस्तुका रूपमा भौतिक, आध्यात्मिक, मानसिक, शारीरिक आदि प्रेमप्रसङ्गमा बाँधिएका प्रेमीप्रेमिकाका नैसर्गिक कामवासना, आकर्षण आदि रहेका हुन्छन् । यसमा प्रेमीप्रेमिकाहरू एकापसमा प्रेमपूर्ण दर्शन, सम्भाषण अर्थात् दोहोरो कुराकानी, स्पर्शन र आलिङ्गन गरेर रमाएको भाव व्यक्त गरिएको पाइन्छ । आचार्य भरतले वर्ण कालो, देवता विष्णु भई मनोहर, उज्ज्वल र वेषात्मक वर्णन भएमा शृङ्गाररस हुन्छ (इ. २००२ , पृ. १११) भनेका छन् । यसप्रकारका रस भएका दोहोरी गीतहरू यहाँ पर्याप्त मात्रामा भेट्न सकिन्छ । तीमध्ये अति नै प्रेममय भाव प्रकट गरिएका शृङ्गाररसयुक्त केही प्रत्यक्ष दोहोरी गीतको अध्ययन यस अनुसन्धानमूलक लेखमा गरिन्छ ।

युट्युब च्यानलमा प्रशारण भएका प्रत्यक्ष दोहोरी गीतहरूमध्ये इन्द्र जि.सी. अफिसियल युट्युब च्यानलको *नाचगान रोधीघर* मार्फत *सल्ला धूपैले* लयको दोहोरी गीतमा शृङ्गाररस व्यक्त भएको पाइन्छ । यस दोहोरी गीतमा सुमन परियार र शोभा कार्कीलगायतका कलाकारहरू सहभागी भएका छन् । यस गीतले प्रेमीप्रेमिका बिचको आत्मीय प्रेमको विषयवस्तु समेटेको पाइन्छ । यहाँ प्रेमिकाले प्रेमीलाई एकान्तमा बोलाएको र प्रेमी पनि उक्त स्थानमा आउने बाचा गरेको भेटिन्छ । यसमा प्रेमीप्रेमिकाहरू एकान्तमा भेट भएर माया साटासाट गर्ने योजना बनाएको देखिन्छ । यहाँ प्रतीकात्मक रूपमा तोरीका माध्यमबाट यौनक्रीडाका विषयलाई पनि व्यक्त गरेको भेटिन्छ । कामदेव अङ्कुरित हुनेलाई शृङ्ग भनिन्छ । विश्वनाथले कामदेव उत्पत्ति हुने हुँदा शृङ्गाररस उत्तम प्रकृतिको हुन्छ (इ. १९९३, पृ. २२८) भने झैं

यस गीतमा पनि युवायुवती एकान्तमा भेट भई गरिने क्रियाकलापको वर्णनमा कामदेव अङ्कुरित भएको चर्चा गरिएकाले शृङ्गाररसको निष्पत्ति भएको देखिन्छ। यसबाट प्रस्तुत गीतमा शृङ्गारिक भाव व्यक्त भएको प्रस्ट हुन्छ।

केटा- ढुक्क बन यो सुमन पास हुन्छ
तर तिम्रो सर्वस्व नास हुन्छ
केटी- जे-जे गर दिलमा नाम कोरियो
तिम्रै खेतमा फुलेको तोरी यो
केटा- पैला गोड्मेल मायाले ढलाउँछु
अनि मात्र राम्ररी फलाउँछु
केटी- गर्ने छैन हल पनि चल पनि
बोकी आउनु युरिया मल पनि (इन्द्र जि.सी., इ. २०१०)।

यस गीतमा प्रेमीप्रेमिका आलम्बन विभावको रूपमा आएका छन्। यिनीहरू एकापसमा भेट भएर प्रेमप्रणय साटासाट गर्ने योजना बनाउने मुख्य व्यक्तिका रूपमा देखापरेका छन्। यसै गरी यस गीतमा उद्दीपन विभावका रूपमा एकान्तस्थलको खोजी गर्नु, सन्ध्याकालीन समयमा भेट्ने बाचा गर्नु आदि रहेको पाइन्छ। यहाँ गीतका प्रस्तुतिका क्रममा प्रेमी- प्रेमिकामा मुस्कान र चपलताजस्ता अनुभावहरू देखापरेका छन्। यी नायक नायिकामा देखापरेका शारीरिक तथा मानसिक परिवर्तनले घटनालाई तीव्रत्तर पार्ने काम गरेका छन्। यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा कहिले मोह, कहिले उत्सुकता, कहिले हर्ष आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन्। अन्तमा यस गीतले भावकलाई स्थायी रूपमा प्रेम वा रति भाव सम्प्रेषण गर्न सफल भएको भेटिन्छ।

यसै गरी प्राइम टेलिभिजन तथा टीका सानु अफिसियल युट्युब च्यानलबाट प्रशारित *सङ्गीतमाला* कार्यक्रममा *लालुपाते फूल छैन रूख मात्रै* लयको प्रत्यक्ष दोहोरी गीत प्रस्तुत गरिएको पाइन्छ। यस गीतमा मिलन लामा र हुमा बि.क.का साथै अन्य कलाकारहरूले पति पत्नी बिचको आत्मीय प्रेमका विषयलाई प्रस्तुत गरेको देखिन्छ। हाल प्रेमीप्रेमिकाका रूपमा रहे पनि निकट भविष्यमा विवाह गर्ने र छोराछोरी जन्माउने कुराको चर्चा गरेको पाइन्छ। सुत्केरी स्याहार्नेदेखि बालबच्चा हुर्काउने र घर व्यवहार चलाउनेसम्मका भावनाहरू यस गीतमा व्यक्त गरेको भेटिन्छ। परस्पर प्रेममा बाँधिएका नायक नायिकाको एकअर्काप्रतिको अनुरागको वर्णन भएमा शृङ्गाररस हुन्छ (शर्मा सिग्द्याल, २०२८, पृ. ११) भने झैँ यस गीतमा प्रेमीप्रेमिकाहरूले एकअर्का प्रति अनुराग व्यक्त गरेकाले यहाँ रति भाव व्यक्त भएको प्रस्ट हुन्छ। यस गीतमा श्रीमान् श्रीमतीबीचको आत्मीय प्रेम व्यक्त गरिएका गीतका अंशहरू यस्ता छन्-

केटा- कति धेरै माया मिल्छ, थाछैन कालेको
सुत्केरी झोल खुवाउँछु, बदिया भालेको
केटी- ज्वानोको झोल ल्याइदेउ मलाई, खाउ है बूढी भनी
धुनुपर्छ तिमीले त थाङ्ना टाला पनि (टीका सानु, इ. २०२४)।

प्रस्तुत गीतमा भविष्यमा श्रीमान् श्रीमती बन्ने युवायुवतीहरू आलम्बन विभावको रूपमा आएका छन्। प्रेमप्रणयमा बाँधिएर भविष्यमा श्रीमान् श्रीमति बन्ने योजना बनाएका युवायुवतीहरू यस गीतमा शृङ्गाररसका प्रमुख आधारस्तम्भका रूपमा देखापरेका छन्। यस गीतमा उद्दीपन विभावका रूपमा एकअर्काको अभावमा बाँच्न नसकिने कुरा बताउनु, छिट्टै विवाहमा रूपान्तरण हुने योजना बनाउनु आदि रहेका छन्। यसै क्रममा युवायुवतीमा देखार्ने मुस्कान, लज्जा र कटाक्ष आदि अनुभावका रूपमा रहेका छन्। यी युवायुवतीमा देखापरेका शारीरिक तथा मानसिक परिवर्तनले शृङ्गार भावलाई सशक्त पार्ने काम गरेका छन्। यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा कहिले मोह, कहिले चिन्ता, कहिले हर्ष आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन्। अन्तमा यस गीतले भावकलाई स्थायी रूपमा प्रेम वा रति भाव सम्प्रेषण गर्न सफल भएको देखिन्छ।

यसरी नै इन्द्रेणी डटकम अफिसियल युट्युब च्यालबाट प्रशारित *इन्द्रेणी* कार्यक्रममा *पूर्वैमा झ्याल राखे* लयको दोहोरी गीतमा पनि शृङ्गार भावको प्रस्तुति भएको पाइन्छ। यस प्रत्यक्ष दोहोरी गीतमा छत्र शाही र मधु क्षेत्रीलगायतका कलाकारहरू सहभागी भएको पाइन्छ। यहाँ प्रेममा डुबेका प्रेमीप्रेमिका जीवनभर सँगै जिउने र सँगै

मर्ने बाचा गरेको देखिन्छ। एकअर्कालाई प्राप्त गर्न नसकेमा बाँच्न गाह्रो हुने भएकाले बैवाहिक जीवनमा तुरुन्त रूपान्तरण हुनुपर्ने भावना यहाँ व्यक्त गरेको भेटिन्छ। प्रेमका डुबेका युवायुवतीका शृङ्गार भावयुक्त गीतका अंश यसप्रकार छन्-

केटी- सक्दिन म दिलमा क्वै फुलाउन
मर्नैपर्छ तिमीलाई भुलाउन
केटा- देखेकै छ्यौ दुःखीको हाल
कि त मार कि मलाई समाल (इन्द्रेणी, इ. २०२३)।

यस गीतमा शृङ्गाररसको सिर्जनामा प्रमुख भूमिका खेल्ने प्रेमीप्रेमिकाहरू आलम्बन विभावको रूपमा देखापरेका छन्। यी प्रेमीप्रेमिकाले विवाहका लागि देश छाड्न तयार हुनु, जीवनभरसँगै जिउने र सँगै मर्ने बाचा गर्नुजस्ता उद्दीपन विभावहरू यस गीतमा रहेका पाइन्छन्। यसपछि प्रेमीप्रेमिकामा मुस्कान, लज्जा र कटाक्षजस्ता अनुभावहरू यस गीतमा देखापरेका छन्। यी नायक नायिकामा देखापरेका अनुभावका रूपमा रहेका शारीरिक तथा मानसिक परिवर्तनले घटनाक्रमलाई तीव्रत्तर पार्ने काम गरेका छन्। यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा कहिले चिन्ता, कहिले उत्सुकता, कहिले हर्ष आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन्। अन्तमा यस गीतले भावकलाई स्थायी रूपमा प्रेम वा रति भाव सम्प्रेषण गर्न सफल भएको भेटिन्छ।

**हास्यरस**

नायक नायिकाको शारीरिक, मानसिक, भाषिक आदि क्षेत्रमा देखा पर्ने विकृति र विसङ्गतिबाट उत्पन्न हुने हाँसोयुक्त साहित्यिक रसलाई हास्यरस भनिन्छ। अनौठा र विकृत आकार भएका वस्तुहरूको अनौठो तरिकाले वर्णन गर्दा हास्यरस उत्पन्न हुन्छ। हास्यरसका सम्बन्धमा आचार्य विश्वनाथले अप्राकृतिक वा लोकनियमभन्दा भिन्न पात्रका आङ्गिक चेष्टा वा भाषिक विकृतिबाट हास्यरसको उत्पत्ति हुने कुरा उल्लेख गरेका छन् (इ. १९७७, पृ. ११५)। विकृत र हासो उठ्दो व्यक्ति वा वस्तु भएका हास्यरसयुक्त दोहोरी गीतहरू पनि यहाँ भेट्न सकिन्छ। ती गीतहरूमध्ये गीत सुन्नासाथ फड्को छाडेर हास्न मन लाग्ने केही प्रत्यक्ष दोहोरी गीतको चर्चा यस अध्ययनमा गरिन्छ।

विभिन्न युट्युब च्यानलमा प्रशारण गरिएका प्रत्यक्ष दोहोरी गीतहरूमध्ये बालचन्द्र बराल अफिसियल युट्युब च्यानलमा रहेको *चरी गुँडैमा* लयको दोहोरी गीतमा हास्य भाव व्यक्त भएको पाइन्छ। यसमा साथीहरूलाई आफ्नो घरमा नलग्नाका कारणहरू प्रस्तुत गर्ने क्रममा हास्य भाव व्यक्त भएको देखिन्छ। यस गीतमा बालचन्द्र बराल, सागर बि.सी., आशा बि.सी. तारा थापालगायतका लोकगायकले गीत प्रस्तुत गरेका छन्। यस गीतमा कुनै पनि साथीको बस्ने घर राम्रो नभएको चर्चा गरिएको पाइन्छ। प्रस्तुत प्रत्यक्ष दोहोरी गीतमा साथीहरूका बिचमा एकअर्काका घरको चर्चा गर्ने क्रममा हास्य रसको प्रस्तुति भएको भेटिन्छ। शारीरिक, मानसिक, भाषिक आदि विकृति र विसङ्गतिहरूलाई देख्दा हास्यरस उत्पन्न हुन्छ। हास्यरसमा दर्शकहरूको हाँसो स्थायी भाव भई अभिव्यक्त भएको हुन्छ (शर्मा सिग्द्याल, २०२८, पृ. १४) भने झैँ यस गीतमा साथीका घरहरूलाई प्रतीक बनाएर युवायुवतीका चरित्रका विषयमा व्यङ्ग्यात्मक भाषिक प्रस्तुति गरेर हाँसो उत्पन्न गराएको देखिन्छ। यस गीतका व्यक्त गरिएका हास्यरसयुक्त गीतका टुक्राहरू यस्ता छन्-

केटी- भनम् भने शत्रु कै डर छ के
मेरो पनि तीन तले घर छ के
केटा- घर भएर के काम तीन तलाको
पालेको झैँ होला घाँस पालेको (बालचन्द्र बराल, इ. २०२४)।

यस गीतमा आफ्नो घरमा साथी लग्न नचाहाने व्यक्तिहरू र उनीहरूको घरको विषयमा टीप्पणी गर्ने व्यक्तिहरू हास्यरसको सिर्जना गर्ने प्रमुख पात्र आलम्बन विभावको रूपमा देखापरेका छन्। यी व्यक्तिहरूका विचित्र परिवेश, घरको अनौठो रूपजस्ता उद्दीपन विभावहरू यस गीतमा रहेका पाइन्छन्। एकअर्काका घरको टीप्पणी गर्ने क्रममा हासोका कारण यी व्यक्तिहरूका आँखा खुम्चिनु, बोली लरबराउनुजस्ता अनुभावहरू यस गीतमा देखापरेका छन्। यी नायक नायिकामा देखापरेका अनुभावका रूपमा रहेका शारीरिक तथा मानसिक परिवर्तनले हास्य भावलाई तीव्रत्तर पार्ने काम

गरेका छन् । यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा कहिले हर्ष, कहिले आवेग, कहिले विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन् । अन्तमा यो गीत भावकलाई स्थायी रूपमा हास्य भाव सम्प्रेषण गर्न सफल भएको भेटिन्छ ।

यसरी नै इ-नेपाल खबर अफिसियल युट्युब च्यानलको *इ-नेपाल रोधीघर* मार्फत प्रस्तुत गरिएको *घुम्तीघुम्ती रोड* लयको दोहोरी गीतमा पनि हास्यरसको प्रस्तुति भएको भेटिन्छ । यहाँ मादक पदार्थलाई मूल विषय बनाएको पाइन्छ । यस गीतमा माया गुरुङ, सुमन परियार, अस्मिता डल्लाकोटी र श्याम बुर्लाकोटी लगायतका कलाकारहरूको सहभागिता रहेको पाइन्छ । यसमा हास्यव्यङ्ग्यात्मक रूपमा युवायुवतीले जाँड खाने गरेको विषयलाई प्रस्तुत गरेको देखिन्छ । बाग्लङ पञ्चकोट कालिका मन्दिरमा आएर पनि पूजापाठ गर्नुको सट्टा मादकपदार्थ पिएर आएको एकजना जड्याहाको उपस्थितिलाई लिएर व्यङ्ग्य प्रहार गरेको पाइन्छ । उसले त्यहाँ उपस्थित व्यक्तिहरूलाई पनि चिन्न नसकेको र पञ्चकोटलाई अशुद्ध बनाएकाले अव छिट्टै स्वस्तिशान्ति गर्नुपर्ने हास्यभाव यहाँ प्रकट गरेको भेटिन्छ । भरतले वर्ण सेतो, देवता शिव भई अस्वाभाविक क्रियाकलापद्वारा हाँसो उत्पन्न गराएमा हास्यरस हुन्छ (इ. १९८४, पृ. ४९) भने झैँ यहाँ जड्याहा व्यक्तिले गरेको अस्वाभाविक क्रियाकलापबाट हाँसो प्रकट भएको देखिन्छ । हास्यभाव व्यक्त गरिएको यस गीतको अंश यसप्रकार छ-

केटा- केटीले झैँ आँखा नि सन्काउँछ
रक्सी खान्न वाइन चाहिँ दन्काउँछ
केटी- होस् गुमाउँछौ फिरीमा पाइसी त
काली भन्दै बोल्याथ्यौ गाईसित
केटी- अझै राम्रो हेर एक चोटी
यिनलाई एउटा देख्यौ कि दशओटी (इ-नेपाल खबर, इ. २०२३) ।

यस गीतमा हास्यरसको सिर्जनामा प्रमुख भूमिका खेल्ने पात्रका रूपमा जँड्याहा व्यक्ति र उसलाई जिस्काउने युवायुवतीहरू आलम्बन विभावको रूपमा देखापरेका छन् । यीमध्ये जँड्याहा व्यक्तिले देखाएको अनौठो चेष्ठा, विकृत रूपजस्ता उद्दीपन विभावहरू यस गीतमा रहेका पाइन्छन् । यसपछि जँड्याहा व्यक्तिले आँखा खुम्च्याएको, बोली लरबराएको आदि अनुभावहरू यस गीतमा देखापरेका छन् । यसप्रकारको जँड्याहा व्यक्तिमा देखापरेका अनुभावका रूपमा रहेका शारीरिक तथा मानसिक परिवर्तनले घटनालाई सशक्त पार्ने काम गरेका छन् । यसरी आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा कहिले हर्ष, कहिले आवेग आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन् । अन्तमा यस गीतले भावकलाई स्थायी रूपमा हास्य भाव सम्प्रेषण गर्न सफलता प्राप्त गरेको छ ।

यसै गरी बालचन्द्र बराल अफिसियल युट्युब च्यानलमा *सुन्तलाकी अमला* लयको दोहोरी गीतमा हास्य भाव व्यक्त भएको पाइन्छ । यस गीतमा शीला आले, श्याम राना, बबिता बानिया, बालचन्द्र बराललगायतका कलाकारहरू सहभागी भएको पाइन्छ । प्रस्तुत दोहोरी गीतमा भाडावाला र घरबेटीले गर्ने क्रियाकलापलाई हास्यव्यङ्ग्यात्मक रूपमा व्यक्त गरेको देखिन्छ । यसमा घरभाडामा बस्ने व्यक्तिले घरबेटीलाई गर्ने व्यवहार र घरबेटीले घरभाडामा बस्नेलाई गर्ने व्यवहारका विषयवस्तु व्यक्त गरेको भेटिन्छ । सामान्यतया भाडामा बस्नेले सुविधाको अपेक्षा गर्ने र घरबेटीले भाडा बढाउन कोशिस गरेको पाइन्छ । यसका साथै भाडावालाले घरबेटीका छोरीचेलीलाई आँखा लगाउने गरेको व्यङ्ग्यात्मक भावसहितको गीतको अंश यस्तो छ-

भाडावाला- एक गते नै देख्नपर्ने घरभाडाको झलक
किन उचुर उचुर गर्छन् चारआनाका खलक
घरबेटी- म त यसै दङपुतली कुरा सुन्दा दङ
चेलीबेटी बचाउन गाह्रो घरमा बस्ने सङ (बालचन्द्र बराल, इ. २०२४)

यस गीतमा हास्यरसको सिर्जनामा प्रमुख भूमिका खेल्ने घरबेटी र भाडावालजस्ता असामान्य व्यवहार देखाउने व्यक्तिहरू आलम्बन विभावको रूपमा देखापरेका छन् । यी व्यक्तिहरूले एकअर्कालाई आरोप प्रत्यारोप गर्दा देखाउने विचित्रको चेष्ठा, अनौठो हाउभाउजस्ता उद्दीपन विभावहरू यस गीतमा रहेका पाइन्छन् । यसै क्रममा

व्यक्तिका आँखा खुम्चिएका, बोली लरबराएका जस्ता अनुभावहरू यस गीतमा देखापरेका छन् । यी अनुभावका कारण नायक नायिकामा देखापर्ने शारीरिक तथा मानसिक परिवर्तनले घटनाक्रमलाई तीव्रत्तर पार्ने काम गरेका छन् । यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा हर्ष, आवेग, विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन् । अन्तमा यस गीतले भावकलाई स्थायी रूपमा हाँसो भाव सम्प्रेषण गर्न सफल भएको भेटिन्छ ।

**करुणरस**

इष्टजन, वस्तु वा व्यक्तिको विनाश र अनिष्टको प्राप्तिबाट मनमा उर्लिएर आउने शोक स्थायी भाव भएको रसलाई करुणरस भनिन्छ । आफ्नो प्यारो वस्तुको विनाश र अप्रिय वस्तुको प्राप्तिबाट करुण रसको उत्पत्ति हुन्छ । यसले मानव हृदयमा कोमल, मार्मिक र दयनीय भाव उत्पन्न गर्दछ । विश्वनाथले इष्टको नाश र अनिष्टको प्राप्तिबाट करुणरस निष्पन्न हुने कुरा उल्लेख गरेको पाइन्छ (इ. १९७७, पृ. ११६) । करुणरसका विषयवस्तुका रूपमा मानव चित्कार, देश निकाला, इष्टनाश, अनिष्ट प्राप्ति, वियोग, आगोबाट दहन, सिकार, जुवा आदि रहेको पाइन्छ । यसप्रकारका विषयवस्तु भएका दोहोरी गीतहरू यस क्षेत्रमा पाउन सकिन्छ । करुण भावलाई मूल विषय बनाएर गाइएका केही प्रत्यक्ष दोहोरी गीतको विश्लेषण यहाँ गरिन्छ ।

विभिन्न प्रकारका युट्युब च्यानलहरूमध्ये बालचन्द्र बराल अफिसियल युट्युब च्यानलमा *चरीले गुढ सारी सक्दा नि* लयको दोहोरी गीतमा करुणरस व्यक्त भएको देखिन्छ । प्रस्तुत गीतमा आफ्नो मायालुले छाडेको पत्ता नै नपाएको कारुणिक भाव सशक्त रूपमा प्रयोग भएको पाइन्छ । यस गीतमा बालचन्द्र बराल र कालिका रोकालगायतका गायकहरू सहभागी भएको पाइन्छ । यसमा टाढाटाढा भइसकेका प्रेमीप्रेमिकाहरू प्रेमको महत्त्व आत्मलाई मात्र थाहा भएको, वर्तमानमा कहाँ जाने के खाने पत्ता नभएकोजस्ता भावहरू व्यक्त भएका पाइन्छन् । प्रेमीप्रेमिका घाम र जुन जस्तै भएकाले निदाएपछि व्युँझिन नपरोस भन्ने कामना गरिएका देखिन्छ । ‘आफ्नो इच्छित वस्तु वा व्यक्तिको दुःखद अवस्था वा नाश र अनिष्ट प्राप्तिको कुरा सुनेर वा पढेर मनमा कारुणिक भाव उत्पन्न भएमा करुणरस हुन्छ’ (भट्टराई, २०७७, पृ. ८८) भने झैं यस गीतमा आफू अत्याधिक मन पराएका व्यक्तिसँग टाढिएको कुराको वर्णनमा शोक उत्पन्न भएको भेटिन्छ । यसप्रकारको करुण भाव समेटिएको गीतको टुक्रा यस्तो छ-

केटी- हुन मनथ्यो शरीर र खुनजस्तै
भैयो आज घाम र जूनजस्तै
केटा- बाचुञ्जेल कैलेसम्म रुने हो
निदायसी नव्युँझे हुने हो (बालचन्द्र बराल, इ. २०२४) ।

यस गीत प्रमुख भूमिका खेल्ने पात्रका रूपमा पूर्व प्रेमीप्रेमिकाहरू आलम्बन विभावको रूपमा देखापरेका छन् । प्रस्तुत गीतमा पूर्व प्रेमीप्रेमिकाहरू शरीर र खुनजस्तै हुन खोजे पनि घाम र जूनजस्तै भएको र कहिल्यै नव्युँझिने गरी निदाउन चाहेको अभिव्यक्तिहरू उद्दीपन विभावका रूपमा देखापरेका छन् । यसै क्रममा व्यक्तिका दुःख, मोह, ग्लानी, चिन्ता जस्ता अनुभावहरू यस गीतमा देखापरेका छन् । यी अनुभावका कारण नायक नायिकामा देखापर्ने शारीरिक तथा मानसिक परिवर्तनले घटनाक्रमलाई तीव्रत्तर पार्ने काम गरेका छन् । यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा हर्ष, आवेग, विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन् । अन्तमा यस गीतले भावकलाई स्थायी रूपमा शोक भाव सम्प्रेषण गर्न सफल भएको भेटिन्छ ।

यसरी नै प्राइम टेलिभिजन तथा टीका सानु अफिसियल युट्युब च्यानलबाट प्रशारित *सङ्गीतमाला* कार्यक्रममा *रुँदारुँदै तिम्रो साथ छोड्ने बेला भयो* लयको प्रत्यक्ष दोहोरी गीतमा पनि करुणरस प्रस्तुत भएको पाइन्छ । करुण भावले ओतप्रोत भएको यस गीतमा सुप्रिम मल्ल र टीका सानुलगायतका कलाकारहरू सहभागी भएको पाइन्छ । रुँदैरुँदै तिम्रो साथ छोड्ने बेला भयो, हिजो दिउँसो सँगै थियौं, आज बाटो लाग्यौ आमा, रात्री बसले अब घुम्ती मोड्ने बेला भयो लयको यस दोहोरी गीतमा बालक छोरालाई छाडेर बिदेशीयकी आमा र छोराबीचको संवाद प्रस्तुत भएको पाइन्छ । यस गीतमा आमाको अभावमा छोरा रातभरि निदाउन नसकेर पल्टिरहेको, आमालाई फर्केर घर आउन आग्रह गरिएको पाइन्छ । आमा भने गरिब, दुःखीको घर भएकाले घरव्यवहार मिलाउन आफू विदेशिन बाध्यता भएको, आफ्नो शरीर विदेशमा भए तापनि मन भने सधैं घरमा रहेको चर्चा गरिएको देखिन्छ । शर्मा सिग्द्यालले पुत्रादि

प्रियजनसितको वियोग वा तिनको विपत्ति वा तिनको मरन देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुणरसको उत्पत्ति हुन्छ (२०२८, पृ. १४) भने झैँ यस गीतमा वियोगमा परेका बिदेसियकी आमा र घरमा भएको सानो छोराबीचको संवादमा शोक उत्पन्न भएको भेटिन्छ । यसरी करुणरस व्यक्त गरिएको गीतको अंश यसप्रकार छ-

छोरा- गयौ आमा गरेर बिदाइ
एक्लै पल्टी राको छु ननिदाइ
आमा- म त परेँ बन्दमा फसेँ है
मेरो बाबु नरोएर बसे है
छोरा- तिमी बिना शून्य भो गाउँघर
कि त आमा फर्केर आउ घर
आमा- छट्पट्यौला निद्रा र भोकैमा
जन्म लियौ दुःखीको कोखैमा
छोरा- गयौ आमा पीरहरू सिएर
हिन्ने बेला बिस रुप्य दिएर (टीका सानु, इ. २०२१) ।

यस गीतमा करुणरसको सिर्जनामा प्रमुख भूमिका खेल्ने साना नाबालकलाई एकलै घरमा छाडेर कमाईका लागि विदेशीयकी आमा, आमाको सम्झनामा रातभरि सुत्न नसकेका छोराहरू आलम्बन विभावको रूपमा देखापरेका छन् । यहाँ आमा बिदेसिने क्रममा गाडी चढेको बेलामा रोइरहेकी र छोराहरू घरमा आमा सम्झेर तड्पिरहेकाजस्ता उद्दीपन विभावहरू यस गीतमा रहेका पाइन्छन् । आमा बिनाको घर शून्य भएकाले घर फर्केर आउन आग्रह गरिएको छोराको कथनले आमाछोरामा दुःख, मोह, ग्लानी, चिन्ताजस्ता अनुभावहरू यस गीतमा व्यक्त भएका पाइन्छन् । यी अनुभावका कारण आमाछोरामा देखापर्ने शारीरिक तथा मानसिक परिवर्तनले घटनाक्रमलाई सशक्त पार्ने काम गरेका छन् । यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा आवेग, विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराउन सफल भएका देखिन्छन् । यसरी प्रस्तुत दोहोरी गीतले भावकलाई स्थायी रूपमा शोक भाव सम्प्रेषण गर्न सफलता प्राप्त गरेको छ ।

यसै गरी इन्द्र जि.सी. अफिसियल युट्युब च्यानलको नाचगान रोधीघर मार्फत प्रस्तुत गरिएका *रुमाल धोको छु* लयको दोहोरी गीतमा जातीय विभेदको कारुणिक विषयवस्तु प्रस्तुत गरिएको छ । प्रस्तुत गीतमा सागर बि.सी. र सीमा थापालगायतका कलाकारहरू सहभागी भएको पाइन्छ । यसमा कथित माथिल्लो जातिका मानिसले मात्र नभएर दलितले पनि दलितलाई विभेद गरेको विषयवस्तु व्यक्त गरेको पाइन्छ । यसमा आँफैले निर्माण गरेका वस्त्र तथा वस्तुहरू घर, मन्दिरलगायतका ठाउँमा चल्ने तर आँफू भने उक्त ठाउँमा निषेध हुनु परेको दलित जातिको कारुणिक भावनालाई यस गीतमा प्रस्तुत गरिएको छ । भरतले वर्ण कालो, देवता यमराज भई धर्मनाश, धननाश वा शोकयुक्त भएमा करुणरस हुन्छ (इ. १९८४, पृ. ५०) भने झैँ यस गीतमा जातीय विभेदका कारण शोकयुक्त भाव प्रस्तुत भएको स्पष्ट हुन्छ । करुणरसले ओतप्रोत भएको यस प्रत्यक्ष दोहोरी गीतको अंश यसप्रकार छ-

हामी सबै समान हो भन्दैनन्
बि.क.ले नि परियार गन्दैनन्
मैले सेको कपडा लाएर
मैलाई हेप्छन् मन्दिरमा गएर (बालचन्द्र बराल, इ. २०२३) ।

यस गीतमा करुणरसको सिर्जनामा प्रमुख भूमिका खेल्ने हेपिएका, पिल्सिएका कथित जातिवादी समाजले उत्पीडित बनाइएका व्यक्तिहरू आलम्बन विभावको रूपमा देखापरेका छन् । यी व्यक्तिहरूलाई व्यक्तिगत घर, सार्वजनिक स्थल, मठमन्दिर आदिमा गरिएका अपमानजनक व्यवहारजस्ता उद्दीपन विभावहरू यस गीतमा पाइन्छन् । यहाँ आँफैले बनाएको मूर्ति र आँफैले सिएको कपडा राखिएको मन्दिरमा आँफैलाई हेपिएको अवस्थामा दलितका मनमा देखापरेका दुःख, ग्लानी, चिन्ताजस्ता अनुभावहरू यस गीतमा देखापरेका छन् । यी अनुभावका कारण दलितमा देखापर्ने शारीरिक तथा मानसिक परिवर्तनले घटनाक्रमलाई तीव्रत्तर पार्ने काम गरेका छन् । यसप्रकारका आलम्बन विभाव,

उद्दीपन विभाव र अनुभावले भावकका मनमा आवेग, विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराएको पाइन्छ। यसरी यस गीतले भावकलाई लामो समयसम्म शोक भाव सम्प्रेषण गर्न सफल भएको देखिन्छ।

**रौद्ररस**

प्रत्यक्ष दोहोरी गीतमा रौद्ररसयुक्त गीतहरू पनि गाइएको पाइन्छ। शत्रु वा विपक्षीहरूले आफूप्रति गरेको अपमानजनक वा अपराधपूर्ण क्रियाकलापबाट बदलाको भावना जागेर क्रोध स्थायी भाव उत्पन्न भएमा रौद्ररस हुन्छ। यस रसका लागि पूज्य वा आत्मीय जनको अपमान वा वध आदि अनिष्ट कार्यहरू भएको पाइन्छ। आचार्य विश्वनाथका अनुसार प्रचण्ड क्रोधजनित भाव वा व्यवहारबाट रौद्ररस निष्पन्न हुन्छ। यसमा शत्रु, द्रोही, निन्दक, इष्टजनको अहित, भनेको नमान्ने पात्रलाई देखेपछि त्यसको विरुद्ध मनमा उत्पन्न हुने क्रोधशील भाव अभिव्यञ्जित हुन्छ, त्यसलाई रौद्ररस भनिन्छ (इ. १९७७, पृ. ११७)। राक्षस, दानव, अनुचित युद्ध, स्त्री आदिको बेइज्जत, शत्रुको अपमानपूर्ण व्यवहार, अनुचित सङ्ग्राम, काटमार आदिबाट क्रोध उत्पन्न भई रौद्ररसको सृष्टि हुन्छ। यस प्रकारका रस भएका प्रत्यक्ष दोहोरी गीतहरू यत्रतत्र पाउन सकिन्छ। रौद्र रसले ओतप्रोत भएका केही प्रत्यक्ष दोहोरी गीतको चर्चा मात्र यस अध्ययनमा गरिन्छ।

युट्युब च्यानलबाट प्रशारण गरिएका प्रत्यक्ष दोहोरी गीतहरूमध्ये इन्द्र जि.सी. अफिसियल युट्युब च्यानलको *नाचगान रोधीघर* कार्यक्रममा प्रशारित *लौन कसो गरुँ* लयको दोहोरी गीतमा पनि रौद्रभाव प्रस्तुत गरिएको पाइन्छ। यस गीतका स्थायीका रूपमा लौन कसो गरूँ, पहिलो मायाजस्तो त हुन्न रैछ अरू रहेको देखिन्छ। प्रस्तुत प्रत्यक्ष दोहोरी गीतमा इन्द्र जि.सी. र रेजिना परियारलगायतका कलाकारहरू सहभागी भएको देखिन्छन्। यस दोहोरी गीतमा पहिलो प्रेमलाई असफल बनाउने दाजुहरू प्रति आक्रोश व्यक्त गरिएको छ। यहाँ युवायुवतीका बिचमा भएको पहिलो प्रेमका विषयमा चर्चा गरेको पाइन्छ। यस गीतमा दाजुले बहिनीलाई अन्यत्र विवाह गरिदिन तयार भए पनि बहिनी भने पहिलो प्रेमीलाई छाड्न तयार नभएको अवस्था देखिन्छ। यसमा बहिनीले आफ्नो पहिलो प्रेमीको नाम लिएपछि दाजुहरूले आफूलाई गालामा चड्कन हानेको भनेपछि प्रेमी रिसाएर बाँधेर घाँस हाल्नेजस्ता दाजुहरू भनेको आक्रोशपूर्ण भाव यसमा व्यक्त गरेको पाइन्छ। आफूसँग विवाह गर्न पटक्कै नमानेपछि दाजुलाई खाल्डोमा पुर्नुपर्ने धारणासमेत पहिलो प्रेमीले राखेको पाइन्छ। यस अवस्थामा 'शत्रुले आफ्नो प्रियजन वा आफ्नो अपमान वा बध गरेमा उत्पन्न हुने बदलाको भावना जागृत भएको अभिव्यक्ति प्रकट हुँदा रौद्ररसको उत्पत्ति हुन्छ' (भट्टराई, २०७७, पृ. ९०) भने झैँ यस गीतमा शत्रुका रूपमा रहेका दाजुले गरेको अपमानपूर्ण व्यवहारको प्रतिक्रिया स्वरूप गरिएको अभिव्यक्तिमा क्रोध भावको प्रस्तुति भएको भेटिन्छ। यसप्रकारको रौद्ररसयुक्त गीतको टुक्रा यस्तो छ-

केटी- थिएँ मैले तिम्रो नाम लिएको<br>
त्यै बेला हो दुई चट्कन दिएको<br>
केटा- गर्छ होला बैनीलाई काम पाल्ने<br>
रैछ दाइ त बाँधेर घाँस हाल्ने (इन्द्र जि.सी., इ. २०२२)।

यस गीतमा रौद्ररसको सिर्जनामा प्रमुख भूमिका खेल्ने विपक्षी वा बिरोधी व्यक्ति दाजुहरू आलम्बन विभावको रूपमा देखापरेका छन्। उनीहरूले बहिनी र उसको प्रेमीको सम्बन्धलाई पटक्कै स्वीकार गरेका छैनन्। आफ्नो विवाह अन्यत्रै गरिदिने तयारी गरेकाले हामीहरू छिट्टै विवाह गरौँ भन्ने प्रेमीले प्रेमिकालाई आग्रह गरेको देखिन्छ। यस सम्बन्धमा प्रेमिकाले मैले तिम्रो नाम लिँदा दाजुहरूले मलाई गालामा चड्कन हाने भन्ने कुराको अभिव्यक्तिमा हमला, हाँक, घातजस्ता उद्दीपन विभावहरू यस गीतमा देखापरेका छन्। यहाँ प्रेमिकाले आफ्नो नाम लिँदा दाजुहरूले गालामा चड्कन हानेको कुराले युवक आक्रोशित भई बाँधेर घाँस हालिदिनुपर्ने जस्ता दाइहरू भन्दा आँखा राता पारेको, मुठी कसिएको, दाह्रा किटेकोजस्ता अनुभावहरू यस गीतमा देखापरेका छन्। यी अनुभावका कारण असफल प्रेमीप्रेमिकामा देखापर्ने शारीरिक तथा मानसिक परिवर्तनले रौद्र भावलाई तीव्रत्तर पार्ने काम गरेका छन्। यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा आवेग, विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराएको पाइन्छ। यसरी यस गीतले भावकलाई लामो समयसम्म क्रोधरस सम्प्रेषण गर्न सफल भएको देखिन्छ।

यसै गरी इन्द्रेणी डटकम अफिसियल युट्युब च्यानलको इन्द्रेणी कार्यक्रमबाट प्रशारित *क्याम्पस पढ्न आउनी* लयको दोहोरी गीतमा रौद्ररसको प्रयोग भएको भेटिन्छ। पशुपति शर्मा र बबिता बानियालगायतका कलाकारहरू सहभागी भएको उक्त गीतमा केटा र केटीले एकअर्कालाई तुच्छतुच्छ शब्द प्रयोग गरेको देखिन्छ। यहाँ केटाले केटीलाई कहिले कुकुर्नी त कहिले भुतिनी किचकन्या भनेको पाइन्छ भने केटीले केटालाई कहिले बुख्याचा त कहिले

कोप्चे भालु भनेको भेटिन्छ । यसप्रकारको गीतको प्रस्तुतिमा भरतले वर्ण रातो, देवता रुद्र भई अनावश्यक युद्ध, शत्रुसँग विवाद, प्रतिशोधात्मक एवम् उत्तेजनात्मक कार्यका साथमा क्रोध भएमा रौद्ररस हुन्छ (इ. १९८४, पृ. ५२) भने झैँ यहाँ केटाकेटीका बीचमा विवाद, प्रतिशोधात्मक एवम् उत्तेजनात्मक कार्य भएकाले रौद्ररसको प्रस्तुति भएको प्रस्ट हुन्छ । यस गीतमा रौद्रभाव व्यक्त भएका केही गीतांशहरू यस्ता छन्-

केटा- आँफै खान ज्यान हेर कस्ती छस्
मान्छे हेर ककुर्नी जस्ती छस्
यस्तीलाई हराउने कुन्थी
मिस तर्साउनी हुनी भा फस्ट हुन्थी
केटा- भाग नलेनी हेर्नलाई आउनी थिस्
कोप्चे अवार्ड तैले नी पाउनी थिस्
तँ अँध्यरे भालुको भुत्ला झैँ
मकै कुर्न बनाको पुत्ला झैँ (इन्द्रेणी, इ. २०२०) ।

यस गीतमा रौद्ररसको निष्पत्तिमा प्रमुख भूमिका खेल्ने शत्रु वा बिरोधी पात्रका रूपमा केटाकेटीहरू आलम्बन विभावको रूपमा देखापरेका छन् । यी केटाकेटीहरूले एकअर्कालाई गरेका हमला, व्यक्त गरेका दुर्वचन र हाँकजस्ता उद्दीपन विभावहरू यस गीतमा पाइन्छन् । यस गीतमा केटाले केटीलाई कुकुर्नी, भुतिनी, किचकन्या र केटीले केटालाई बुख्याचा, कोप्चे, अँध्यरे भालुजस्ता आक्रोशपूर्ण भाव व्यक्त गर्दा युवायुवतीका आँखा राता भएका, उनीहरूले मुठी कसेका, दाह्रा किटेकाजस्ता अनुभावहरू यस गीतमा देखापरेका छन् । यी अनुभावका कारण केटाकेटीमा देखापरेका शारीरिक तथा मानसिक परिवर्तनले घटनाक्रमलाई सशक्त पार्ने काम गरेका छन् । यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले भावकका मनमा आवेग, उत्तेजना, विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराएको पाइन्छ । यसरी यो गीत भावकलाई लामो समयसम्म क्रोध भाव सम्प्रेषण गर्न सफल भएको देखिन्छ ।

यसै गरेर इ-नेपाल खबर अफिसियल युट्युब च्यानलको *इ-नेपाल रोधीघर*मा प्रस्तुत गरिएको *छैन मलाई डर* लयको प्रत्यक्ष दोहोरी गीतमा पनि रौद्ररसको प्रयोग भएको पाइन्छ । कालो गए गोरो आउँछ, छैन मलाई डर, लगाएनी लगाइदेऊ पिरतीमा कर स्थायी रहेको यस दोहोरी गीतमा पुरुष र महिलामाथिका कमीकमजोरीको चर्चा गर्दै संसारमा विवाह गर्नका लागि अन्य व्यक्तिहरू पनि प्रशस्त पाइने भएको भावना व्यक्त गरेको पाइन्छ । सुमन परियार र अस्मिता डल्लाकोटीलगायतका कलाकारहरू सहभागिता रहेको उक्त गीतमा एकअर्कामा आरोप प्रत्यारोप लगाउँदै केटीले केटालाई पुरुषका नामका कलङ्क र केटाले केटीलाई महिला धर्तीको भारी भएको विचार व्यक्त गरेको पाइन्छ । यसमा केटाले केटी खेलौना झैँ लागेको र फुर्सदका साथी भनेपछि केटीले केटालाई कीराले हीराको भाउ खोजेको भन्दै राम्राराम्रा केटाहरू चोकचोकमा पाइने र यस्ता केटा थुकेर हिँड्ने भनाइ प्रस्तुत गरेको देखिन्छ । केटाले केटीहरू केही काम पनि गर्न नसक्ने र कुखुरा काट्न पनि डराउनेले बढी फुर्ती लगाएको भनेपछि केटीले परिआए मान्छेलाई मार हान्नसमेत तयार भएको आक्रोशपूर्ण भाव यस गीतमा व्यक्त गरेको भेटिन्छ । यस अवस्थामा शत्रुको अपमानपूर्ण व्यवहार, देश र धर्मको अपकार तथा अपमान आदि घृणित कुराबाट रौद्ररसको उत्पत्ति हुन्छ (शर्मा सिग्देल, २०२८, पृ. १४) भने झैँ यस गीतमा घमण्डी केटाकेटीले एकअर्काप्रति गरेका अपमानपूर्ण व्यवहारको प्रस्तुतिले यहाँ क्रोध भाव उत्पन्न भएको देखिन्छ । यस्तै प्रकारका रौद्ररसयुक्त गीतका अंशहरू यस्ता छन्-

केटा- आफ्नो बानी आफैँलाई सई लाउँछ
केटीहरू खेलौना झैँ लाउँछ
केटी- झोक चलेसी सम्बन्ध मेटाइन्छ
यस्ता केटा चोकचोकमा भेटाइन्छ (इ-नेपाल खबर, इ. २०२४) ।

यस गीतमा रौद्र भावको सिर्जनामा प्रमुख भूमिका खेल्ने शत्रु वा बिरोधी पात्रका रूपमा आडम्बरी युवायुवतीहरू आलम्बन विभावको रूपमा देखापरेका छन् । यसप्रकारका घमण्डी युवायुवतीले एकअर्कालाई वचनले हमला गर्ने, खुइल्याउनेजस्ता उद्दीपन विभावहरू यस गीतमा पाइन्छन् । यहाँ युवायुवतीहरूले आ-आफ्नो रूप, सौन्दर्य र जवानीको घमण्ड गर्ने र एकअर्कालाई अपमान गर्ने क्रममा आँखा राता पारेका, मुठी कसेका, दाह्रा किटेकाजस्ता अनुभावहरू यस गीतमा देखापरेका छन् । यी अनुभावका कारण युवायुवतीमा देखापर्ने शारीरिक तथा मानसिक परिवर्तनले घटनाक्रमलाई तीव्रत्तर पार्ने काम गरेका छन् । यसप्रकारका आलम्बन विभाव, उद्दीपन विभाव र अनुभावले

भावकका मनमा आवेग, विस्मात् आदि व्यभिचारी भावहरू प्रकट गराएको पाइन्छ । यसरी यस गीतले भावकलाई लामो समयसम्म क्रोध भाव सम्प्रेषण गर्न सफल भएको देखिन्छ ।

## निष्कर्ष

यस अनुसन्धानमूलक लेखमा प्रत्यक्ष दोहोरी लोकगीतमा रसको अध्ययन गर्ने काम गरिएको छ । विभिन्न युट्युब च्यानलहरूमा प्रशारण गरिएका दोहोरी लोकगीतहरूमध्ये इनेपाल खबर, इन्द्रेणी डट कम, इन्द्र जि.सी., बालचन्द्र बराल र टीका सानु अफिसियल युट्युब च्यानलहरू र ती च्यानलबाट प्रशारित रसका दृष्टिले सशक्त १२ ओटा प्रत्यक्ष दोहोरी गीतहरू मात्र छनोट गरिएको छ । लेखको संरचनागत सीमाका कारण यी दोहोरी गीतहरूमा शृङ्गाररस भएका दोहोरी गीतमा भर्खर प्रेमप्रणयमा बाँधिएका युवायुवती, नव दाम्पत्य जीवनमा बाँधिन थालेका प्रेमीप्रेमिका र विवाहित भएर पनि पूर्व प्रेमीप्रेमिकाको मायामा डुबेका युवायुवतीका रतिरागात्मक विषयवस्तु प्रस्तुत भएका देखिन्छन् । यसै गरी हास्यरस भएका दोहोरी गीतमा आफ्नो घरमा लिन नचाहाने साथीहरू, जँड्याहा व्यक्तिको स्वभाव र घरबेटी र भाडावालाबीचका हास्य भावयुक्त विषयवस्तु समावेश भएका पाइन्छन् । यसरी नै करुणरस भएका दोहोरी गीतमा एकदमै टाढा भएका प्रेमीप्रेमिकाको विलाप, घरव्यवहार चलाउन विदेशीयकी आमा र घरमा बसेका बालक छोराहरू र जातीय विभेदले आक्रान्त समाजका कारुणिक विषयवस्तुहरू व्यक्त भएका पाइन्छन् । यसै गरेर रौद्र रसयुक्त दोहोरी गीतमा बहिनीको पहिलो प्रेमलाई अस्वीकार गर्ने दाजु, एकअर्कालाई तुच्छतुच्छ शब्दको प्रयोग गर्ने युवायुवती र पुरुष र महिलाभित्र रहेका एकअर्काका कमीकमजोरी खोज्ने युवायुवतीका क्रोधयुक्त विषयवस्तुहरू प्रस्तुत भएका भेटिन्छन् । यी प्रत्यक्ष दोहोरी गीतहरूमा शृङ्गाररस, हास्यरस, करुणरस र रौद्ररसको सुन्दर प्रयोग भएको पाइन्छ । त्यसैले यी गीतहरू रसप्रयोगका दृष्टिले सफल भएका देखिन्छन् ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०६७). *पूर्वीय समालोचना सिद्धान्त* (सातौं.सं.). साझा प्रकाशन ।

इ-नेपाल खबर.(इ. २०२३, फरवरी १७). *दोहोरीमा जड्याहा.* Revised from youtube.com/watch?v=4l9ItOqDTgQ&t=1548s on 19 th June2024

इ-नेपाल खबर.(इ. २०२४, मार्च २३). *सुमनले अस्मितालाई कट्टा हान्दिन्छु भनेसी हङ्गामा.* Revised from youtube.com/watch?v=awxdWXeMXDY&t=715s on 19 th June202

इन्द्र जि.सी.(इ.२०२४, मार्च २२). *पहिलो माया बिर्सन नसकेर दाजुको कुटाइ खानु पर्दा.* Revised from youtube.com/watch?v=IdzXjYHtvH4 on 10 th June2024

इन्द्र जि.सी.(इ.२०२२, मार्च १०). *सुमनको तरुनी फकाउने सूत्र.* Revised from youtube.com/watch?v=MM-csOZ1q-o&t=1310s on 10 th June2024

इन्द्रेणी डटकम.(इ. २०२० जनवरी २२). *पशुपति शर्मा र जेरीले दोहोरी गाउँदा दर्शक बेहोस.* Revised from. youtube.com/watch?v=Ft61b0VuRIs&t=1450s on 05 th June2024

इन्द्रेणी डटकम (इ. २०२३, सेप्टे. १०). *मधुको प्रेममा डुबेका छत्र.* Revised from. youtube.com/watch?v=XQLtdnORWGQ&t=2389s on 05 th June2024

टीका सानु (इ. २०२१, डिसे.२९). *सङ्गीतमालामा फेरि चल्यो रुवाबासी* . Revised from youtube.com/watch?v=umxdPy1kxOE&t=96s on 14 th June2024

टीका सानु (इ. २०२४, जन.०७). *हुमा सत्केरी भएपछि* . Revised from youtube.com/watch?v=vthwUjPxXok&t=1011s on 14 th June2024

बालचन्द्र बराल (इ.२०२३). *खोलियो कलाकारको जात* .Revised from youtube.com/watch?v=kqOA3JsaPN4&t=552s on 08 th June2024

बालचन्द्र बराल (इ. २०२४, जुन. ०५). *लफडा* .Revised from youtube.com/watch?v=vWZPCHv5UWk&t=626s on 08 th June2024

बालचन्द्र बराल (इ. २०२४, जन. ०७). *झाडी सफा गर्दै* .Revised from youtube.com/watch?v=xUuqKOwMrsI&t=226s on 08 th June2024

बालचन्द्र बराल (इ. २०२४, अप्रिल.१२). *भावुक हुँदै झण्डै रोए* .Revised from youtube.com/watch?v=ZS8uWN7-09M&t=147s on 08 th June2024

भट्टराई, ध्रुवप्रसाद (२०७७). *नेपाली लोककविताको काव्यशास्त्रीय विश्लेषण.* निर्मला पाण्डे (भट्टराई)

भण्डारी, रामकृष्ण (२०७७). *लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा रसविधान* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. ।

भरत (इ.१९८४). *नाट्यशास्त्रम्.* (रविशङ्कर नागर र कन्हैयालाल जोशी, सम्पा.). परिमल पब्लिकेशन ।

विश्वनाथ (इ.१९९३). *साहित्यदर्पणम्* . (शेषराज शर्मा, रेग्मी, सम्पा.). कृष्णदास अकादमी ।

शर्मा सिग्द्याल, सोमनाथ (२०२८). *साहित्यप्रदीप.* विद्यार्थी पुस्तक भण्डार ।